# स्थानीय राजपत्र

**जानकी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड: ६ संख्या: ७ मिति २०७९/१०/०६**


भाग-१

## जानकी गाउँपालिका, दुर्गौली, कैलाली

## जानकी गाउँपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९

**प्रस्तावना :**

जानकी गाउँपालिका अन्तर्गतका विद्यालय उमेरका सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नका साथै गुणस्तरीय शिक्षाको माध्यमबाट दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्नका लागि यस गाउँपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम जानकी  गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाईएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "जानकी गाउँपालिका शिक्षा ऐन २०७९" रहेको छ ।

(२) यो ऐन जानकी गाउँपालिका क्षेत्र भर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित गरीएको मिति देखि लागू हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

**(क)** **"प्रारम्भिक बाल शिक्षा"** भन्नाले तीन बर्ष पुरा भएका पाँच वर्ष पूरा नभएका बालबालिकालाई दिइने एक देखी दुई वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले जानकी गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले जानकी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(च) "अध्यक्ष'' भन्नाले जानकी गाउँपालिकाको अध्यक्ष सम्झिनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत'' भन्नाले जानकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झिनुपर्छ ।

(ज) "शिक्षा समिति'' भन्नाले जानकी गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झिनुपर्छ ।

(झ) "आधारभूत तह उत्तीर्ण परीक्षा'' भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झिनुपर्छ ।

(ञ) "शिक्षा युवा तथा खेलकुद शाखा'' भन्नाले जानकी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा सम्झिनुपर्छ ।

(ट) "शिक्षा अधिकृत'' भन्नाले जानकी गाउँपालिकाको शिक्षा अधिकृत सम्झिनुपर्छ ।

(ठ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई



छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ड) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

(ढ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झिनुपर्छः-

(१) दृष्टीविहिन, न्यूनदृष्टी, बहिरा,सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्तीको अधिनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ण) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायिक शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाहसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(त) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(थ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(द) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ध) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएका वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(न) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(प) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(फ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय

विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ब) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(भ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(म) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउछ ।

**३. विद्यालय खोल्न अनुमति लिनुपर्ने :**

(१) कुनै नेपाली नागरिकले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले निवेदन साथ प्राप्त कागजातहरू र स्थलगत जाँचबुझ गर्नेछ । जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा आफ्नो रायसहितको प्रतिवेदन गाउँ शिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँ शिक्षा समितिको बैठकबाट अनुमति दिन सिफारिस गर्ने निर्णय भएमा तोकिएको अधिकारीले विद्यालय खोल्ने अनुमति दिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालन गरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(५) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका



विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(६) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(७) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरै लेखएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(८) यस ऐन वा अन्य प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका संचालक (ट्रष्टी) ले आफ्नो

जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

(११) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसंग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई पनि अनुमति दिन सक्ने छ । यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकारले जुनसुकै बखत बन्द गर्न सक्नेछ ।

४. **विद्यालय सञ्चालन :** विद्यालयको संचालन तोकिए बमोजम हुनेछ ।

५. **परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था :** (१) आधारभूत तहको अन्तमा लिइने आधाभूत शिक्षा उतिर्ण परीक्षा गाउँपालिका स्तरीय हुनेछ ।

(२) गाउँपालिकाले आवश्यक ठानेमा कक्षा ८, १० र १२ बाहेक अन्य कक्षाको परीक्षा समेत गाउँपालिका स्तरमा लिन सक्ने व्यवस्था गर्न सक्नेछ ।

(३) परीक्षा संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. माध्यमिक शिक्षाको प्रकारः माध्यमिक शिक्षा देहायका प्रकार हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर



शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था : गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. शिक्षाको माध्यम : (१)विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभूत तह सम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

९. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्था :

(१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्छ ।

(२) गाउँपालिकाले तोकिए बमोजिम आधारभूत तह सम्म स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

१०. गाउँ शिक्षा समितिः

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

(घ) गाउँपालिकाले तोकेको कार्यपालिकाका सदस्यहरू मध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(ङ) गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(च) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना दलित र दुई जना महिला सहित तीन जना -सदस्य

(छ) गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना - सदस्य

(ज) गाउँपालिका स्थित संचालित विशेष शिक्षा, समावेशी शिक्षा तथा स्रोत कक्षा संचालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएको व्यक्ति एक जना -सदस्य

(झ) शिक्षा अधिकृत -सदस्य-सचिव

गाउँपालिका क्षेत्र भित्रका विद्यालयका प्रधानाध्यापकहरू र नेपाल शिक्षक महासंघको प्रतिनिधिलाई दफा १० को उपदफा (१) बमोजिमको समितिको बैठकमा पर्यवेक्षकको रूपमा आमन्त्रण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ । मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुन सुकै बखत हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वरखास्त गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।



(३) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँकार्यपालिकालाई सिफारिस गर्ने,

(ग) विद्यालयहरूलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित वनाउन सहयोग गर्ने,

(ङ) विद्यालयहरूको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने,

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरू स्वीकृत गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरूक र सजग बनाउने,

(ज) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(झ) अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र शैक्षिक प्रगति बारे मूल्यांकन गर्ने,

(ट) विद्यालयको सामाजिक परीक्षण गर्ने, गराउने,

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने,

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ण) शैक्षिक संस्था र शिक्षासंग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाहीको लागि

सिफारिस गर्ने,

(त) सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकमध्येबाट मापदण्डको आधारमा विषय विशेषज्ञको छनौट गर्ने,

(थ) अन्य तोकिए बमोजिमका कार्यहरू गर्ने ।

११. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने: गाउँपालिकाले समदुायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

१२. अध्यापन अनुमतिपत्र लिनुपर्ने: यो ऐन प्रारम्भ भए पछि कुनै पनि व्यक्तिले अध्यापन अनुमतिपत्र नलिई अध्यापन गर्न पाउनेछैन ।

१३. अनुदानको व्यवस्था : (१) गाउँपालिकाले तोकिएको मापदण्डको आधारमा सामुदायिक विद्यालयलाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

१४. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने: गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

१५. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने: गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम उपलव्ध गराउन सक्नेछ ।

१६. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था : प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. विद्यालय व्यवस्थापन समिति:(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावकले आफु मध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना- सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडा अध्यक्ष वा वडा समितिका सदस्यहरूमध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य एकजना



- सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश बर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा नगद वा जिन्सी सहयोग गरेका व्यक्तिगरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुई जना -सदस्य

(घ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालीम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका स्तरका उद्योग तथा वाणिज्य महासंघका दुई जना प्रतिनिधि सदस्य रहनेछन्

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरू मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

सम्बन्धित शिक्षा शाखा प्रमुख वा तोकिएको व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रूपमा आमन्त्रण गर्न सकिनेछ । उपदफा (१) बमोजिमको समितिका मनोनित सदस्यको पदावधि तीन बर्षको हुनेछ ।

(४) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट विद्यालयको सिफारिसमा शाखा प्रमुखले मनोनित भएका व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक महिला सहित दुईजना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमि वा समाजसेविहरूमध्येबाट गाउँपालिकाले मनोनित गरेको एक जना - सदस्य

(घ) शिक्षा अधिकृत वा निजले तोकेको व्यक्ति -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(५) उपदफा (१), (२) र (३) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन बर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(६) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक,भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समितिलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन



नदिने,

(च) शिक्षा विकास तथा समन्वय इकाइ तथा गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(छ) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने,

(ज) गाउँ शिक्षा समिति र शाखाले दिएको आदेश तथा निर्देशनको पालना गर्ने,

(झ) गाउँपालिका कार्यालयले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँपालिका कार्यालयमा पेश गर्ने,

(ट) विद्यालय आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

(९) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकारले लागु गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरू पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मुल्यांकन परिषद्को स्वीकृत लिने,

(च) शिक्षक सेवा आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका

व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन, नियमावली, निर्देशिका तथा निर्देशनहरूको पालना गर्ने,

(ञ) शिक्षक तथा कर्मचारीहरूको व्यक्तिगत विवरण सम्बन्धित निकायमा बुझाउने ।

(१०) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(११) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१८. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :

(१) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई गाउँ शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(३) यो ऐन जारी हुनु भन्दा अगाडी गठन भएका विद्यालय व्यवस्थापन समिति यसै ऐन बमोजिम गठन भएको मानिनेछ ।

१९. वडा शिक्षा समिति : (१) गाउँपालिकाको सम्बन्धित वडा क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको



लागि देहाय बमोजिमको वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

(क) वडा अध्यक्ष सो सोको काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) वडा भित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्ये गाउँ शिक्षा समितिको बैठकले तोकेको एक जना -सदस्य

(ग) वडा भित्रका समाजसेवी तथा शिक्षा प्रेमीहरूमध्येबाट वडा शिक्षा समितिले मनोनीत गरेको कम्तीमा एक महिला सहित दुई जना - सदस्य

(घ) वडा भित्र सञ्चालित सामुदायिक विद्यालय मध्ये उच्च विद्यायलको प्रधानाध्यापक सदस्य -सचिव

वडा शिक्षा समितिमा गाउँपालिका शिक्षा शाखा युवा तथा खेलकुद शाखाको प्रतिनिधि आमन्त्रित सदस्यको रूपमा रहनेछ ।

(२) उप दफा (१) बमोजिमका मनोनित सदस्यको पदावधी दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिमका मनोनित सदस्यले आफ्नो पदीय आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुन सुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।

(४) वडा शिक्षा समितिको कार्यालय सम्बन्धित वडा कार्यलयमा रहनेछ ।

(५) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) वडा क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँ शिक्षा समितिलाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरूलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) वडा क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरू सम्बन्धमा गाउँ शिक्षा समितिमा राय पेश गर्ने,

(च) वडा भित्रका विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरूक र सजग बनाउने,

(छ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(ज) अभिभावक र शिक्षक विच विवाद भएमा त्यसको समाधान गर्ने,

(झ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने,

(ञ) विद्यालयको सामाजिक परीक्षण र लेखा परीक्षण गर्ने गराउने,

(ट) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने,

(ठ) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरूलाई कामको आधारमा आवश्यक प्रोत्साहन , नसिहत, दण्ड, कारवाहीका लागि गाउँ शिक्षा समितिमा सिफारिश गर्ने,

(ड) विद्यालयमा भर्ना भएका अनाथ, टुहुरा पहिचान नखुलेका बालबालिकाहरूको जन्म दर्ताका लागि सम्बन्धित गाउँपालिकामा सिफारिस गर्ने,

(ढ) आवश्यकता अनुसार अन्य तोकिए बमोजिमका कार्यहरू गर्ने ।

(५) वडा शिक्षा समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नु पर्नेछ ।

२०. गाउँ शिक्षा कोष : (१) गाउँपालिकामा एक गाउँ शिक्षा कोष हुनेछ, जसमा देहायका रकमहरू रहनेछन्:-



(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट विद्यालयको वार्षिक कूल आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको गठन, बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. विद्यालय कोषः (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँ शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

२२. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः

(१) गाउँकार्यपालिकाले गाउँ शिक्षा समितिको सिफारिसमा संचालन भैरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई

भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्नसक्नेछ ।

२३. विद्यालयको सम्पत्तिः (१) सामदुायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँ पालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँ शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्ता विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ पालिकाको अनमुति लिनुपर्नेछ। तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

२४. विद्यालयलाई छुट र सुविधाः (१) प्रचलित कानुनमा जुन सुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा



सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीकोरूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

२५. अनुमति वा स्वीकृति रद्द गर्ने : कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

२६. विद्यालयको वर्गीकरणः विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

२७. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्नेः (१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

२८. शुल्कसम्बन्धी व्यवस्थाः (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफनो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक

विद्यालयले लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा नि:शुल्क शिक्षा घोषणा गर्न आवश्यक व्यवस्था गरिनेछ ।

(५) दृष्टीविहिन बालबालिकालाई ब्रेललिपि तथा वहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमका शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शु:ल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२९. नेपाल शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:



(१) सामदुायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गाउँपालिकामा एक नेपाल शिक्षक महासंघ रहनेछ ।

(२) उपदफा (१) बमोजिमको नेपाल शिक्षक महासंघको निर्वाचन तोकिए बमोजिम हुनेछ ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ:-

(क) पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा ।

(४) उपदफा (३) मा जुन सुकै कुरा लेखेको भएपनि शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु अघि आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

**स्पष्टिकरण :** यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान वमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।

३०. स्थायी आवासीय अनुमति लिन नहुने: सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो

अनुमति प्राप्त गर्नको लागि आवेदन दिनु हुदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमतिपत्र लिएको वा त्यस्तो अनुमतिका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गरिनेछ ।

३२. शैक्षिक योग्यता: विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

३३. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने : गाउँ शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

३४. शिक्षकलाई अन्य काममा लगाउन नहुने: (१) सामदुायिक विद्यालयका शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा संघ, प्रदेश र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३५. अदालतको आदेशबाट पुन:बहाली हुन सक्ने: (१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुन: बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन: बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुन:बहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

३६. शिक्षकको नियुक्ति र सरूवा सम्बन्धी व्यवस्था: (१) विद्यालयमा करार नियुक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।



(२) शिक्षक तथा कर्मचारीको सरूवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. दरबन्दी मिलान: (१) सामुदायिक विद्यालयको शिक्षक कर्मचारीको दरबन्दी मिलान सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने :(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाउँपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्ने आधार तोकिएबमोजिम हुनेछ ।

३९. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने : (१) दफा ३३ (१) मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

४०. कर्मचारी सम्बन्धी व्यवस्था: (१) सामुदायिक विद्यालयमा संघ, प्रदेश र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने: (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

४२. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन:

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. प्रगति विवरण बुझाउनुपर्ने: (१) सामुदायिक तथा संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

४४. दण्ड सजाय: (१) विद्यालय शिक्षक तथा कर्माचारीको सजाय सम्बन्धी व्यवस्था संघिय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू, गाउँपालिका, गाउँ शिक्षा समितिले दिएको निर्देशनको उल्लंघन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले देहाय बमोजिम सजाय गर्न सक्नेछ ।

(क) सचेत गराउने, नसिहत दिने,

(ख) कसुरको मात्रा हेरी पांच हजार देखि पच्चीस हजार रूपयाँ सम्म जरिवाना गर्ने,

(ग)विद्यालयलाई गाउँपालिकाले उपलब्ध गराउने सेवा वा सरकारी सहायता



घटाउने, रोक्ने वा बन्द गर्ने,

(घ) विद्यलयलाई प्रदान गरिएको अनुमति वा स्वीकृती रद्ध गर्ने ।

४५. पुनरावेदन: तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

४६. नियम बनाउने अधिकार: यस ऐनको कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

४७. निर्देशिका तथा कार्यविधि बनाउन सक्ने: यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

४८. बाधा अडकाउ फुकाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधाअड्काउ परेमा गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ ।

४९. संशोधन गर्ने अधिकार: यो ऐनको संशोधन गर्ने अधिकार गाउँ सभामा निहित रहनेछ ।

५०. बचाउ र लागू नहुने: यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले,
नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत